मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन १८ गते सोमबार ❑ 3 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पूर्वाधार, हवाई पहुँच र प्राकृतिक सम्पदाको संरक्षणमा सरकार केन्द्रित हुन्छ: मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल (गनेस) ले जल सम्पदा, ताल-तलैया, प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदाले समृद्ध पोखरालाई अन्तर राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सरकार योजनाबद्ध रूपमा अघि बढेको बताउनु भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पोखरा महानगरपालिकाबीच पर्यटन प्रवर्द्धन तथा पर्यटन पूर्वाधार विकासका विषयमा आयोजित छलफल कार्यक्रममा मन्त्री पौडेलले पोखराको समग्र पर्यटन विकासका लागि सडक सञ्जालको स्तरोन्नति, पर्यटन पूर्वाधार निर्माण, अन्तर्राष्ट्रिय बजारसँगको पहुँच विस्तार तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी उपयोगलाई उच्च प्राथमिकतामा राखेको बताउनु भएको हो।

पोखरासँग जोडिएका प्रमुख सडकहरूको स्तरोन्नति गर्दै पर्यटकलाई सहज, सुरक्षित र गुणस्तरीय आवागमनको व्यवस्था गरिने उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रिय हवाई सेवा विस्तार गरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न मन्त्रालयले विशेष पहल गरिरहेको उल्लेख गर्नुभयो।



मन्त्री पौडेलले जल सम्पदा र तालै-तालको शहरका रूपमा परिचित पोखराको पहिचानलाई थप सुदृढ बनाउन ताल, सिमसार तथा जलचर र वनस्पतिको संरक्षणलाई प्राथमिकतामा राखिएको बताउनुभयो । नेपालभर जलचर संरक्षण अभियान सञ्चालन गर्ने तथा सम्भव भएसम्म जलचर पालनलाई समेत प्रोत्साहन गर्ने योजना सरकारको रहेको उहाँले जानकारी दिनुभयो। धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासलाई जोड दिँदै उहाँले पोखरामा ऋषि वात्सायनसँग सम्बन्धित ऐतिहासिक स्थलको संरक्षण तथा सौन्दर्यकरण, चाँगु नारायण मन्दिर निर्माणलगायतका योजनालाई अघि बढाइएको उल्लेख गर्नुभयो । पर्यावरणमैत्री पर्यटन प्रवर्द्धनका लागि पोखरामा साइकल ट्रेल निर्माणको अवधारणालाई कार्यान्वयन गरिने भन्दै वार्षिक पाँचदेखि १० करोड रुपैयाँसम्म बजेट विनियोजन गरी साइकलमैत्री शहरको विकास गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो। मन्त्री पौडेलले भारतीय पर्यटकले भोगिरहेका चुनौतीहरूको समाधान गर्दै उनीहरूको सहज आगमन र बसाइलाई व्यवस्थित बनाउन सरकारले विशेष ध्यान दिइरहेको पनि उल्लेख गर्नुभयो। कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गरिएपछि पर्यटन क्षेत्रलाई थप सुदृढ, व्यवस्थित र प्रतिस्पर्धी बनाउन विभिन्न योजना प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको बताउनुभयो । विकास साझेदारसँगको सहकार्यमा केही महत्त्वपूर्ण पर्यटन पूर्वाधार निर्माण सम्पन्न भइसकेको र केही दीर्घकालीन महत्वका अन्य आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेको उहाँले जनाउनु भयो। पोखरा बसपार्क निर्माण, फिर्के खोला कोरिडोर, फेवाताल संरक्षण, विकास तथा प्रवर्द्धनका कार्यक्रम महानगरको प्राथमिकतामा रहेको उहाँले जानकारी दिनुभयो। मेयर आचार्यले प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा साहसिक पर्यटनको समुचित विकास मार्फत पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसहित महानगर निरन्तर सक्रिय रहेको स्पष्ट पार्नुभयो। छलफल कार्यक्रममा पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, नेपाल पर्यटन बोर्डका सदस्य सन्तोस पोखरेल, बोर्ड गण्डकीका कार्यालय प्रमुख मणिराज लामिछाने लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा पोखराको पर्यटन क्षेत्रको दिगो विकास, पर्यटन पूर्वाधार विस्तार, हवाई पहुँच अभिवृद्धि तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल भएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मुक्तिराज अर्यालले सहजीकरण गर्नुभएको थियो भने महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले पोखराको पर्यटन सम्भावना तथा महानगरले सञ्चालन गरिरहेका पर्यटन प्रवर्द्धनका कार्यक्रमबारे प्रस्तुति राख्नु भएको थियो।

## सूचना व्यवस्थापन प्रणाली (टिम्स) छिट्टै कार्यान्वयनमा आउँछ : पर्यटन सचिव निरौला

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द प्रसाद निरौलाले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) अब छिट्टै कार्यान्वयनमा आउने बताउनु भएको छ।

पोखरा पर्यटन परिषद्सँग भएको छलफलमा उहाँले नेपालको पदयात्रा क्षेत्रलाई व्यवस्थित, सुरक्षित र विश्वसनीय बनाउन टिम्स प्रणाली अनिवार्य रहेको बताउदै टिम्स छिट्टै कार्यान्वयनमा ल्याउने बताउनु भएको हो।

सचिव निरौलाले नेपाल पर्यटन बोर्ड स्वायत्त (अटोनोमस) संस्था भएकाले टिम्स कार्यान्वयन गर्ने निर्णय बोर्डले नै गर्न सक्ने स्पष्ट गर्दै आफूले करिब आठ महिनाअघि नै टिम्स लागू गर्न निर्देशन दिए पनि हालसम्म कार्यान्वयन हुन नसकेको जनाउनु भयो। यसअघिका बोर्ड सदस्यहरूबीचको मतभेदका कारण प्रक्रिया रोकिएको बताउदै उहाँले अहिले भने सबै पक्षसँग समन्वय गरेर जसरी पनि टिम्स कार्यान्वयन गर्ने पक्षमा आफुहरु रहेको बताउनु भयो।

छलफलका क्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, वरिष्ठ उपाध्यक्ष हरि भुजेल, महासचिव जीवनराज सापकोटा तथा टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्य ले पर्यटन क्षेत्रका विविध समस्याबारे सचिवको ध्यानाकर्षण गराएका गराउनु भएको थियो। टिम्स तत्काल लागू गर्न, पोखरा अन्तर राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि पहल गर्न, नेपाल एयरलाइन्सको सेवा प्रभावकारी बनाउन, ठूला जहाज थप्न तथा नेपालको पर्यटन बजारको अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी प्रचार-प्रसार गर्न सरकारसँग माग गर्नुभयो।

जवाफमा सचिव निरौलाले अब नेपाल पर्यटन बोर्डले पूर्वाधार निर्माणभन्दा पर्यटन प्रवर्द्धन र बजार विस्तारमा बढी ध्यान केन्द्रित गर्ने नीति लिएको बताउनु भयो। साथै, नेपाल एयरलाइन्सलाई अझ प्रभावकारी र प्रतिस्पर्धी बनाउने उद्देश्यले कुन मोडलमा सञ्चालन गर्ने भन्ने विषयमा सरकार स्तरमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । पर्यटन क्षेत्रका सरोकारवालाहरूले टिम्सको कार्यान्वयनसँगै पदयात्रा क्षेत्रको व्यवस्थापन, पर्यटकको सुरक्षा तथा तथ्यांक संकलनमा उल्लेखनीय सुधार आउने विश्वास व्यक्त गर्नुभयो।

## जीवन जिउने कलासम्बन्धी कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, क्षेत्रीय कार्यालयले शनिबार 'तनाव व्यवस्थापन एवं खुसियालीपूर्ण जीवनका रहस्य' विषयमा कार्यशाला आयोजना गरियो।

विभिन्न पेसा, व्यवसायमा आबद्ध भएकाहरूलाई लक्षित गरी तीन चरणमा आयोजित कार्यशालामा योग तथा ध्यान प्रशिक्षक ऋषिराम न्यौपानेले सकारात्मक सोच, तनाव व्यवस्थापन, कार्य-जीवन सन्तुलन तथा मूल्यमा आधारित जीवनशैलीका विषयमा प्रशिक्षण दिनुभएको थियो।

व्यस्त र प्रतिस्पर्धात्मक जीवनशैलीका कारण बढ्दो मानसिक तनाव र कार्यदबाबलाई सकारात्मक रूपमा व्यवस्थापन गर्दै मूल्यमा आधारित स्वस्थ, खुसी र सन्तुलित जीवनशैली विकासका लागि कार्यशाला आयोजना गरिएको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयका प्रमुख सावित्री दिदीले बताउनुभयो।

'सकारात्मक सोचौं, सन्तुलित जीवन बाँचौं, सुखमय समाज निर्माण गरौं' नाराका साथ सञ्चालित कार्यशालामा उच्च अदालत पोखरा बाग्लुङ इजलासका न्यायाधीश सरला पाण्डेलगायत समाजका प्रतिष्ठित व्यक्तिको सहभागिता थियो।

## गृहमन्त्री गुरुङसहितको सरकारी टोली र हिन्दूवादी प्रतिनिधिबीच १३ बुँदे सहमति

**रासस**
काठमाडौं, १७ साउन

गृहमन्त्री सुधन गुरुङसहितको सरकारी वार्ता टोली र हिन्दूवादी सङ्गठनका प्रतिनिधिहरूबीच १३ बुँदे सहमति भएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषामा शनिबार राति सम्पन्न वार्तामा १३ बुँदे सहमति भएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिनुभयो।

वार्तामा आन्दोलनरत् हिन्दू सम्राट सेनालगायतका संयुक्त हिन्दू मोर्चाले धार्मिक सद्भाव, सामाजिक शान्ति र राष्ट्रिय पहिचानसँग सम्बन्धित विषय उठाउँदै १३ बुँदे मागपत्र पेस गरेको थियो। सोही मागपत्रका आधारमा सहमति भएको जनाएको छ। सहमतिअनुसार नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने विषयमा तीन महिनाभित्र सर्वदलीय छलफल प्रक्रिया अगाडि बढाउने, धार्मिकस्थलमा हतियार प्रदर्शन तथा उत्तेजक गतिविधि नियन्त्रण गर्न, मठमन्दिर, मस्जिद, गुम्बा र चर्चलगायतका धार्मिकस्थलमा जडान गरिएका लाउडस्पिकर तथा ध्वनि विस्तारक उपकरणको प्रयोगलाई व्यवस्थित गरिने, आवश्यक धार्मिक गतिविधिमा सीमित ध्वनि प्रयोगको व्यवस्था मिलाइने सहमति भएको छ।

यस्तै, धार्मिकस्थलमा बसोबास गर्ने व्यक्तिहरूको अभिलेखीकरण गर्न, विदेशी नागरिक भए सम्बन्धित निकायमार्फत निगरानी र व्यवस्थापन गर्न तथा सामाजिक सञ्जालमार्फत धार्मिक, साम्प्रदायिक वा जातीय द्वेष फैलाउने व्यक्तिमाथि कानुनी कारबाही गरिने, सुनसरीको देवानगन्ज घटनापछि पक्राउ परेकाहरूको मुद्दा पुनरावलोकन गरी आवश्यक निर्णय लिन, आन्दोलनका क्रममा घाइते भएकाहरूको उपचार तथा स्वास्थ्य सेवाको व्यवस्था गर्न र धार्मिक आयोगहरूको औचित्य, आवश्यकता तथा कानुनी आधारको पुनरावलोकन गरिने सहमति भएको उल्लेख छ।

त्यसैगरी, आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा सुनिश्चित गरिने, नेपाली नागरिकता वितरण प्रक्रियाको छानबिन गरी विदेशी नागरिकसँग सम्बन्धित विषयमा कानुनी प्रक्रिया अघि बढाउन तथा मदरसा, मस्जिद र अन्य धार्मिक संस्थामा प्राप्त हुने विभिन्न स्रोतको आर्थिक अनुगमन गरिने, धार्मिक संस्थामा आउने आर्थिक स्रोतको पारदर्शिता कायम गर्न र आवश्यक परे नियमन तथा कारबाही प्रक्रिया अगाडि बढाउने सहमति भएको छ।

वार्तामा गृहमन्त्री गुरुङ, मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई, गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो, प्रतिनिधिसभा सदस्य मनिष झा, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह तथा हिन्दू सम्राट सेनालगायतका हिन्दूवादी सङ्गठनका प्रतिनिधिलगायत सहभागिता रहेको थियो।


## 'देश र कांग्रेस जोड्न साउन २० गते राष्ट्रिय भेला'

**रासस**
काठमाडौं, १७ साउन

नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट निर्वाचित र १४औं महाधिवेशनबाट निर्वाचित नेतृत्वबीच विवाद भइरहँदा दुवै पक्षलाई जोड्नुपर्छ भन्ने अभियानले यही साउन २० गते राजधानीमा राष्ट्रिय भेला आयोजना गर्ने घोषणा गरेको छ।

'देश र कांग्रेस जोड्ने अभियान'ले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा कांग्रेस एक हुनुपर्छ भन्ने पक्षधरका नेता कार्यकर्ताको भेला राजधानीमा आयोजना गर्न लागिएको जानकारी दियो।

पत्रकार सम्मेलनमा राष्ट्रियसभा सदस्य समेत रहनुभएका कांग्रेस नेता रञ्जित कर्णले पार्टी सभापति गगनकुमार थापा र शनिबार चुनदेवीको पत्रकार सम्मेलनबाट संयोजक घोषणा गरिनुभएका डा शशाङ्क कोइराला पार्टी एक बनाउन लाग्नुपर्ने बताउनुभयो। पूर्व केन्द्रीय सदस्य नैनसिंह महरले कांग्रेस कमजोर हुँदा लोकतन्त्र र राष्ट्रियता कमजोर हुने गरेकाले कांग्रेसलाई एक बनाउन दबाब दिने उद्देश्यले साउन २० गते भेला गर्न लागिएको जानकारी दिनुभयो । पार्टी एकताको आवश्यकता देखेर कांग्रेस जोड्ने अभियान आजैदेखि सुरु गरिएको उहाँले बताउनुभयो । भेलामा सहभागी हुन एक हजार ३५९ प्रतिनिधिले नाम दर्ता गराएका नेता महरले बताउनुभयो। कार्यक्रममा तनहुँको भानु नगरपालिकाका नगरप्रमुख आनन्द त्रिपाठीले कांग्रेस एक बनाएर देश र कांग्रेस जोड्ने अभियानमा साथ दिन देशभरका जनप्रतिनिधिलाई आग्रह गर्नुभयो।



# डान्स गण्डकी डान्सको उपाधि कुमुदिनी होम्स स्कुलकी सेफिका र स्पाइरल ग्यालेक्सी माविकी सिरिनालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

डान्स गण्डकी डान्स सजिन २ को उपाधी सिनियर तर्फ कुमुदिनी होम्स स्कुलकी सेफिका गुरुङ र जुनियर तर्फ स्पाइरल ग्यालेक्सी माविकि सिरिना गुरुङले जित्न सफल भएका छन्। नन्द इन्टरटेन्मेन्ट हाउसको आयोजना तथा इन्टरनेशनल कलेज अफ अप्लाइड साइन्स (आइक्यास)को मुख्य प्रायोजनमा शनिवार पोखरामा भएको ग्रान्ड फिनालेमा दुबै तर्फ भएका चार, चार जना प्रतिस्पर्धीहरुलाई पछि पार्दै उनिहरुले उपाधि जित्न सफल भएका हुन् ।




उपाधिसगैँ उनिहरुले ट्रफि गिप्ट ह्याम्पर र प्रमाणपत्र प्राप्त गरे । त्यस्तै सिनियर तर्फ फष्ट रनरअफमा प्रमिसा अधिकारी, सेकेन्ड रनरअफमा सुदिक्षा सुनार,थड रनरअफमा रेवा गरी,र फोर्थ रनरअफमा विनया कुमालले प्राप्त गर्न सफल भए । त्यस्तै जुनियर तर्फ फष्ट रनरअफमा आयुष्मा थापा, सेकेन्ड रनरअफमा सृष्टि तिमिल्सिना, थड रनरअफमा अनन्या क्षेत्री र फोर्थ रनरअफमा नाइशा गुरुङ बन्न सफल भइन् । उनीहरुले गिप्ट ह्याम्पर सगैँ प्रमाणपत्र प्राप्त गरे । कार्यक्रममा प्रमुख निर्णायकको भुमिकामा गीतकार तथा पत्रकार आरजु विष्ट 'सल्यानी' गण्डकी प्रदेश नृत्य संघका अध्यक्ष धमेन्द्र पौडेल, मगर चलचित्रकि नाइका सष्मिता पुन, र अभिनेता राम प्रसाद गुरुङ रहेका थिए । कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश सभा सदश्य राज कुमारी भुजेलले सबैको प्रतिभा देखेर आफु प्रफुल्लित भएको बताइन् ।

यस्ता कार्यक्रमले लुकेर रहेको प्रतिभाको प्रस्फुटन गर्न सहयोग पुग्ने उनको भनाई थियो। लेडी जेसिज २०२६ का अध्यक्ष जेसी सुनिता गौतम भण्डारीले नृत्य मनोरञ्जनको माध्यम मात्र नभई संस्कृति, सिर्जनशीलता र व्यक्तित्व विकासको महत्वपूर्ण आधार भएको बताउँदै यस्ता प्रतियोगिताले नयाँ प्रतिभा पहिचान र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने धारणा राखिन्। कार्यक्रममा नेपाल चाइल्ड स्टार, पोखरा चाइल्ड स्टार,गण्डकी स्टारका बिजेताले आफ्नो प्रस्तुति राखेका थिए ।

इन्टरनेशनल कलेज अफ एप्लाइड साइन्स (आइकास) पोखराका प्रवन्ध निर्देशक समिर थापाको अध्यक्षतामा भएको कार्यक्रममा जेसिज बर्ष २०२६का अध्यक्ष सुमन पहारी, एन प्याब्सन कास्की जिल्ला अध्यक्ष रोशन कोइराला, गायिका दिल कुमारी खाड,युवा ब्यवसायि मनोज कुमार मोर, नेपाल चाईल्ड स्टारका बिजेता अयान तिवारी, ब्यवसायि कमल खनाल लगाएतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन संचारकर्मी कुशल सञ्चालक दीपेन्द्र शाहीले गरेका थिए । नन्द इन्टरटेन्मेन्ट हाउसले यस अगाडि गण्डकी स्टार, पोखरा चाईल्ड स्टार, सोसल अवार्ड जस्ता कार्यक्रमहरु गदै आइरहेको छ ।

# सुशासनलाई सुदृढ बनाउन अग्रजहरूको आदर्शलाई आत्मसात् गर्नुपर्छः पूर्वराष्ट्रपति भण्डारी

**रासस**
काठमाडौं, १७ साउन

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले लोकतान्त्रिक मूल्यमान्यता, नैतिकता, सुशासन र जनउत्तरदायित्वलाई सुदृढ बनाउन अग्रज राजनीतिक व्यक्तित्वहरूको आदर्शलाई आत्मसात् गर्न आवश्यक रहेको धारणा राख्नुभएको छ ।

तुल्सीलाल अमात्यको २९औँ स्मृति दिवसका अवसरमा तुल्सीलाल स्मृति प्रतिष्ठानद्वारा आइतबार ललितपुरको च्यासलमा आयोजित कार्यक्रममा उहाँले नेता अमात्यले आफ्नो सम्पूर्ण जीवन विचार, सिद्धान्त र जनताको सेवामा समर्पित गर्नुभएको उल्लेख गर्दै उहाँको त्याग, इमानदारी र जनसेवाको आदर्श वर्तमान तथा भावी पुस्ताका लागि प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गर्नुभयो । पूर्वराष्ट्रपति भण्डारीले पछिल्ला दिनमा सुनसरीसहित पूर्वी तराईका केही जिल्लामा देखिएका तनाव र हिंसात्मक घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएकाले विविधताबीचको एकता, आपसी सम्मान, सहिष्णुता र सामाजिक सद्भावलाई जोगाउन सबैले संयमता अपनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले अफवाह, घृणा र विभाजनका प्रयासबाट टाढा रहँदै राष्ट्रिय एकता, सामाजिक सद्भाव र कानुनी शासन सुदृढ बनाउन सबै नेपालीलाई जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गर्नुभयो । पूर्वराष्ट्रपति भण्डारीले आज प्राप्त लोकतान्त्रिक उपलब्धिका पछाडि अमात्यजस्ता अग्रजहरूको लामो सङ्घर्ष, त्याग र समर्पण रहेको उल्लेख गर्दै उहाँलाई सम्झनु भनेको केवल इतिहासको स्मरण गर्नु मात्र नभई उहाँका आदर्श र मूल्यलाई व्यवहारमा उतार्नु पनि भएको बताउनुभयो ।

कार्यक्रममा प्रतिष्ठानका संस्थापक अध्यक्षसमेत रहनुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपाल र पूर्वअध्यक्ष केशवप्रसाद बडाललाई सम्मान गरिएको थियो । साथै हाजिरीजवाफ प्रतियोगितामा विजयीलाई पुरस्कृत गरिएको थियो।पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले नेता अमात्यले प्रतिष्ठित र सहज जीवन बिताउने अवसर हुँदाहुँदै किसान, मजदुर तथा उत्पीडित समुदायको हक र अधिकारका लागि सङ्घर्षको कठिन बाटो रोज्नुभएको उल्लेख गर्नुभयो । उहाँहरू जस्तै अग्रजको त्याग र समर्पणबाट मुलुकमा लोकतन्त्रको स्थापना भएको उहाँको भनाइ छ ।

अमात्यले नेपाल कम्युनिष्ट पार्टीको स्थापना कालदेखि पार्टी निर्माण, किसान आन्दोलनको विस्तार, लोकतान्त्रिकअधिकारकोरक्षातथा शोषण र सामन्ती उत्पीडनविरुद्ध पुर्याउनुभएको महत्वपूर्ण योगदानको रक्षाका लागि आफूहरू कटिबद्ध भएर लाग्ने सहसंयोजक नेपालले उल्लेख गर्नुभयो ।

# पोखरामा स्किल ब्रिज एकेडेमी स्थापना, शिक्षकका लागि निःशुल्क एआई तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

पोखराबाट स्किल ब्रिज एकेडेमी, कास्कीले आफ्नो सेवा सुरु गरेको छ ।

गुरुपूर्णिमाको अवसर पारेर सुरु गरिएको एकेडेमीले आफ्नो पहिलो सेवाका रूपमा शिक्षकहरूका लागि ३ दिनसम्म एआई र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निःशुल्क तालिम आइतवार सम्पन्न गरेको छ ।

साउन १५ गते शुक्रवारदेखि सुरु भएको तालिममा करिब १ हजार जना शिक्षकले तालिम लिएका थिए ।

तालिम तथा एकेडेमीको उद्घाटन गर्दै शिक्षा तालिम केन्द्र, गण्डकी प्रदेशका प्रमुख प्रकाश देवकोटाले तीव्र गतिमा परिवर्तित समयमा भएको ज्ञानको विस्फोटनलाई व्यवस्थित गर्नका लागि स्किल ब्रिजले भूमिका खेल्ने विश्वास व्यक्त गरे । शिक्षकले पेसागत जीवनलाई अर्थपूर्ण बनाउनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्नु अनिवार्य रहेको उनको भनाइ थियो । उनले सरकारी क्षेत्रबाट मात्र शिक्षकको क्षमता वृद्धिका लागि आवश्यकता पूर्ति गर्न सम्भव नरहेको अवस्थामा स्किल ब्रिजले शिक्षकको क्षमता वृद्धिलाई केन्द्रमा राखेर आफ्नो सेवा सुरु गर्नु सुखद पक्ष रहेको बताए ।

स्किल ब्रिजमा आबद्ध प्रशिक्षकहरू लामो समयदेखि प्रशिक्षणका क्षेत्रमा लागेका व्यक्ति भएकाले पनि यसको भविष्य र उद्देश्य असल देखिएको उनले बताए । प्रविधिमैत्री शिक्षक समाज, नेपालका केन्द्रीय अध्यक्ष भूपति बश्यालले आजका शिक्षक प्रविधिमैत्री नभए प्रगतिको बाटो नै छेकिने बताए । स्किल ब्रिजले स्वार्थभन्दा माथि उठेर शिक्षकहरूको विविध क्षमता विकासमा योगदान दिन सक्नेमा उनको विश्वास थियो ।

एकेडेमीकी अध्यक्ष कमला श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा प्रशिक्षकहरू के. आर. ढकाल, खेमराज पौडेल र रुपिन्द्र प्रभावीले सहजीकरण गरेका थिए । शिक्षकहरूका लागि सिकाइ सहजीकरणमा आवश्यक विभिन्न एआई टुलहरू र आइसिटीसम्बन्धी ३ दिनसम्म सहजीकरण गरिएको थियो ।तालिम समापनका अवसरमा एकेडेमीका सञ्चालक समितिका सदस्य प्रेमनारायण ढकालले निकट भविष्यमै एकेडेमीले विभिन्न तालिम आयोजना गर्ने जानकारी दिए । कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भई सञ्चालित एकेडेमीले शिक्षकको क्षमता विकासका लागि अनलाइन तथा अफलाइन मोडमा तालिम सञ्चालन, उद्घोषण तथा भाषणकला तालिम, डिजिटल सामग्री उत्पादन, विभिन्न पुस्तक प्रकाशनलगायतका उद्देश्य राखेको अर्की सदस्य ईश्वरी चुवाईँले जानकारी दिइन् ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- ◆सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ◆विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ◆आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ◆सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ◆चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ◆अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारवाट सचेत बनौं,
- ◆ संवाद, सहकार्य र समझदारीवाट समस्या समाधान गरौं,
- ◆समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड



निर्माणाधीन 'सिग्नेचर' पुल ः
पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुल । रू ९४ करोडको लागतमा बन्न लागेको उक्त पुलको भौतिक प्रगति ६५.६८ प्रतिशत पुगेको छ । तस्बिरः राम थापा/रासस

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**रासस**
काठमाडौं, १७ साउन

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

आइतबार राति १२ बजेर १ मिनेटदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनमा मूल्यवृद्धि भएको निगमले जनाएको छ । निगमले पेट्रोल प्रतिलिटर रु तीन, डिजेल र मट्टितेल रु पाँचले वृद्धि गरेको छ । यस्तै, हवाई इन्धन आन्तरिकतर्फ रु २० र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर १३१ ले वृद्धि भएको छ । इण्डियन आयल कर्पोरेसनले ३१ जुलाई, २०२६ मा पठाएको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा २० रुपैयाँ १९ पैसा, डिजेलमा ३९ रुपैयाँ ६७ पैसा र हवाई इन्धनमा प्रतिलिटर १९ रुपैयाँ छ पैसा बढेर आएको छ ।

नयाँ मूल्यसूचीअनुसार पेट्रोल र डिजेलको मूल्य काठमाडौँ, पोखरा र दिपायलमा प्रतिलिटर रु २०० पुगेको छ । सुर्खेत र दाङमा रु १९९ कायम भएको छ । त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगन्ज, भलवारी, धनगढी र वीरगन्जमा १९७ रुपैयाँ ५० पैसा पुगेको छ । खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ । यसअघि पेट्रोल प्रतिलिटर रु १९७ र डिजेल/मट्टितेल प्रतिलिटर रु १९५ रहेको थियो । पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य समायोजन गर्दा पनि निगमलाई पाक्षिक रूपमा रु एक अर्ब ४९ करोडबराबरको घाटा हुने आइतबार जारी विज्ञप्तिमा उल्लेख छ ।

# निलक्सणा श्रेष्ठ बनिन् 'मिस कास्की नेपाल'




**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन

कास्कीका युवतीहरूमाझ रहेको प्रतिभा, आत्मविश्वास र नेतृत्वदायी क्षमतालाई एउटै मञ्चमा उजागर गर्ने उद्देश्यले आयोजित 'मिस कास्की नेपाल'को ग्राण्ड फिनाले पोखरामा भव्य तथा सभ्य रूपमा सम्पन्न भएको छ ।

भव्य प्रतिस्पर्धाका बीच यस वर्षको 'मिस कास्की नेपाल'को मुख्य उपाधि निलक्सणा श्रेष्ठले आफ्नो नाममा पारेकी छन् । प्रतिस्पर्धामा आफ्ना अब्बल प्रस्तुतिमार्फत निकिता सुवेदी प्रथम रनर-अप बन्न सफल भइन् भने जेसिसा बानियाँ द्वितीय रनर-अप र स्नेहा गुरुङ तृतीय रनर-अप घोषित भए। त्यसैगरी, दर्शकहरूको प्रचुर माया र सर्वाधिक भोट प्राप्त गर्दै श्रेया गुरुङले 'भ्युअर्स च्वाइस' को उपाधि हात पारिन् ।

गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मानकुमार श्रेष्ठ प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको उक्त कार्यक्रममा प्रतिस्पर्धीहरूको बहुआयामिक क्षमता मूल्याङ्कनका लागि समाजका विभिन्न क्षेत्रका स्थापित व्यक्तित्वहरू निर्णायकको भूमिकामा रहेका थिए । निर्णायक मण्डलमा चर्चित गायिका तथा नवदीप सेकेन्डरी स्कूलकी प्रिन्सिपल कौशल्या गुरुङ, मिरकल पोखरा डेन्टल हस्पिटलका सञ्चालक डा. सुदीप गिरी र पर्यटन शोधकर्ता एवं प्राध्यापक दिपेन्द्र पहाडी रहनुभएको थियो ।

कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गरेपछि आयोजक संस्था हेभन्ली इभेन्ट म्यानेजमेन्टका प्रबन्ध निर्देशक सफल सुवेदीले कास्कीका युवतीहरूको व्यक्तित्व विकास र नेतृत्वदायी क्षमता अभिवृद्धिका लागि यो मञ्च तयार पारिएको बताउनुभयो । साथै, प्रतियोगितालाई सभ्य र भव्य रूपमा सफल बनाउन सहयोग गर्ने सम्पूर्ण अतिथि, निर्णायक, प्रायोजक, अभिभावक तथा दर्शकहरूलाई उहाँले विशेष धन्यवाद व्यक्त गर्नुभयो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस्।

– थमस हाडी

## सम्पादकीय

# सुस्तामा सधैं भारतीय अतिक्रम

भारतीय सुरक्षाकर्मी तटबन्ध निर्माणस्थल पुगेको खबरलगत्तै सशस्त्र प्रहरीको टोली पनि त्यहाँ पुगेको थियो। गृह मन्त्रालयका एक अधिकारीका अनुसार सुस्ता–५ स्थित नारायणीको झोलुंगे पुलसँगै जोडिएको क्षेत्रमा सिँचाइ विभागको परियोजनाका रूपमा करिब एक किलोमिटर र सँगै १ सय ३२ मिटर लम्बाइको तटबन्ध निर्माण भइरहेको छ। सुस्तालाई कटान र डुबानबाट जोगाउन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लगानीमा तटबन्ध निर्माण भइरहेको हो। २०३० सालअघि ७५ हजार हेक्टरभन्दा धेरै भूभाग रहेको सुस्तामा अहिले ७ हजार हेक्टर भूमि छ। सुस्ताको उत्तर र पश्चिममा नारायणीले घेरेको छ। दक्षिण र पूर्वतर्फ भारतको बिहार राज्य छ। भारतले सुस्ता नजिक तीन स्थानमा एसएसबीको टोली राखेर निगरानी गरिरहेको छ। नेपालले सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सीमा सुरक्षा चौकी राखेको छ। २०२२ सालमा तत्कालीन राजा महेन्द्रले सीमा रक्षाका लागि भन्दै केही भूपू सैनिक र आसपासका गरेर करिब ४ सय परिवारलाई सुस्तामा बसाएका थिए। त्यतिबेलैदेखि भारतीय पक्षले बस्ती राखेकामा आपत्ति जनाउँदै अवरोध पुऱ्याउँदै आएको छ।

२०३० सालअघि ७५ हजार हेक्टरभन्दा धेरै भूभाग रहेको सुस्तामा अहिले ७ हजार हेक्टर भूमि छ। सुस्ताको उत्तर र पश्चिममा नारायणीले घेरेको छ। दक्षिण र पूर्वतर्फ भारतको बिहार राज्य छ। भारतले सुस्ता नजिक तीन स्थानमा एसएसबीको टोली राखेर निगरानी गरिरहेको छ। नेपालले सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सीमा सुरक्षा चौकी राखेको छ। २०२२ सालमा तत्कालीन राजा महेन्द्रले सीमा रक्षाका लागि भन्दै केही भूपू सैनिक र आसपासका गरेर करिब ४ सय परिवारलाई सुस्तामा बसाएका थिए। त्यतिबेलैदेखि भारतीय पक्षले बस्ती राखेकामा आपत्ति जनाउँदै अवरोध पुऱ्याउँदै आएको छ।

२०२७ सालमा सुस्ताका बासिन्दालाई लालपुर्जा वितरणका लागि खटिएको टोलीलाई भारतीय पक्षले लखेटेको थियो। सरकारले प्रहरी परिचालन गराएर नापनक्सा गरेर २०३१ सालसम्ममा करिब ४ सय परिवारलाई पुर्जा वितरण गरेको थियो। जग्गाधनी पुर्जा पाएर ढुक्क बनेका स्थानीयलाई २०३४ सालमा नारायणीले धार परिवर्तन गरेर बस्ती बगरमा परिणत गरिदिएपछि विस्थापित हुन पुगे। त्यसपछि भारतीय पक्षले लगातार भूमि अतिक्रमण गर्ने र सीमास्तम्भ नभएको फाइदा उठाउँदै आएको छ। 'सुस्ताको विषयमा बैठक हुँदा स्थानीय र जानकारलाई समेत सूचना हुँदैन। सीमा विवाद सुल्झाउन नापनक्सा र ऐतिहासिक तथ्य हेर्न आवश्यक छ।' सरकारले प्रहरी परिचालन गराएर नापनक्सा गरेर २०३१ सालसम्ममा करिब ४ सय परिवारलाई पुर्जा वितरण गरेको थियो। जग्गाधनी पुर्जा पाएर ढुक्क बनेका स्थानीयलाई २०३४ सालमा नारायणीले धार परिवर्तन गरेर बस्ती बगरमा परिणत गरिदिएपछि विस्थापित हुन पुगे। त्यसपछि भारतीय पक्षले लगातार भूमि अतिक्रमण गर्ने र सीमास्तम्भ नभएको फाइदा उठाउँदै आएको छ।

सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्यायले पनि तटबन्ध निर्माणस्थलमा आएर भारतीय सुरक्षाकर्मीले अवरोध पुऱ्याएको बताएका छन्। 'तटबन्धको काम हेरिरहेका इन्जिनियरले फोन गरेर भारतीय सुरक्षाकर्मीले अवरोध गरेको जानकारी गराएका थिए। 'दुई महिनादेखि भइरहेको काममा अवरोध गरिएको छ। भारतीय पक्षले विकास निर्माणदेखि प्राकृतिक प्रकोप नियन्त्रणका लागि निर्माण भइरहेको तटबन्धको काम रोक्ने प्रयाठस गरेको छन्।', सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालको । 'आइतबार नारायणीमा १ सय ३२ मिटर तटबन्ध निर्माणको काम नगर्न भन्दै भारतीय सुरक्षाकर्मीले रोक्ने प्रयास गरेका हुन्,' उठनले भने, 'यस विषयमा सोमबार जिल्ला प्रशासनमार्फत गृह मन्त्रालयलाई जानकारी गराउने तयारी भइरहेको छ।' भारतीय सुरक्षाकर्मी तटबन्ध निर्माणस्थल पुगेको खबरलगत्तै सशस्त्र प्रहरीको टोली पनि त्यहाँ पुगेको थियो।

गृह मन्त्रालयका एक अधिकारीका अनुसार सुस्ता–५ स्थित नारायणीको झोलुंगे पुलसँगै जोडिएको क्षेत्रमा सिँचाइ विभागको परियोजनाका रूपमा करिब एक किलोमिटर र सँगै १ सय ३२ मिटर लम्बाइको तटबन्ध निर्माण भइरहेको छ। सुस्तालाई कटान र डुबानबाट जोगाउन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लगानीमा तटबन्ध निर्माण भइरहेको हो। २०३० सालअघि ७५ हजार हेक्टरभन्दा धेरै भूभाग रहेको सुस्तामा अहिले ७ हजार हेक्टर भूमि छ। सुस्ताको उत्तर र पश्चिममा नारायणीले घेरेको छ। दक्षिण र पूर्वतर्फ भारतको बिहार राज्य छ। भारतले सुस्ता नजिक तीन स्थानमा एसएसबीको टोली राखेर निगरानी गरिरहेको छ। नेपालले सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सीमा सुरक्षा चौकी राखेको छ। २०२२ सालमा तत्कालीन राजा महेन्द्रले सीमा रक्षाका लागि भन्दै केही भूपू सैनिक र आसपासका गरेर करिब ४ सय परिवारलाई सुस्तामा बसाएका थिए। त्यतिबेलैदेखि भारतीय पक्षले बस्ती राखेकामा आपत्ति जनाउँदै अवरोध पुऱ्याउँदै आएको छ। नेपाल सरकारले भारतलाई आफ्नो भुमि जोगाउन लडेका नागरिकको सुरक्षा र सिमा अतिक्रम रोक्न कुटनैतिक पहल लिनु जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# एक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याइयो

रासस
चितवन, १७ साउन

भरतपुर महानगरपालिकाको रोजगार तथा उद्यमशीलता विभागले गत आर्थिक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याएको छ। श्रम स्वीकृत लिएर वैदेशिक रोजगारमा गएकाहरुको निधनपछि प्रक्रिया पूरा गरी शव नेपाल ल्याइएको हो।

विभागका प्रमुख सन्देश वाग्लेका अनुसार भरतपुर महानगरपालिकाका बासिन्दा श्रम स्वीकृति लिएर गएकाहरुको विदेशमा निधनपछि निःशुल्क शव नेपाल ल्याइएको हो। उनीहरुको शव कुवेत, युनाइटेड अरब इमिरेट्स (यूएई), कतार, साउदी अरब र पोर्चुगलबाट नेपाल ल्याइएको हो। हृदयाघात भएर, आत्महत्या, दुर्घटनामा परेर लगायत कारणले उनीहरुको मृत्यु भएको थियो। प्रमुख वाग्लेका अनुसार विदेश जानुअघि महानगरपालिका वा नेपाल सरकारको कुनै आधिकारिक निकायबाट श्रम स्वीकृत गरेर गएकाहरुको शव महानगरले झिकाउने गर्दछ। श्रम स्वीकृतिका क्रममा निजहरुको स्वास्थ्य बिमा गर्ने गरिन्छ। वैदेशिक रोजगार बोर्डले निजहरुबाट कल्याणकारी कोषमा पनि रकम राख्ने गर्दछ। यसरी श्रम स्वीकृत गर्दा कल्याणकारी कोषका लागि प्रतिव्यक्ति रु एक हजार ५०० र म्यादी जीवन बिमाका लागि उमेरअनुसार रु दुई हजार ५०० देखि रु नौ हजारसम्म शुल्क लाग्ने गर्दछ। यो शुल्क दुई वर्षका लागि हुने गर्दछ। यसरी कोषमा रकम जम्मा गरेको र बिमा गरेकाको निधन भएमा उनीहरुको परिवारले वैदेशिक रोजगार बोर्डबाट प्रतिव्यक्ति रु १० लाख र बिमाबाट रु १४ लाख पाउने गर्दछन्। यसैगरी, आश्रित परिवारको अध्ययनका लागि छात्रवृत्तिका लागि कक्षा ८ सम्म वार्षिक रु १२ हजार र कक्षा ८ देखि १२ सम्मलाई वार्षिक रु १६ हजार उपलब्ध गराइने प्रमुख वाग्लेले जानकारी दिनुभयो।

श्रम स्वीकृत भएर विदेशमा रहेकाहरुको परिवारका सदस्य जटिल बिरामी परेमा पनि बिरामीको प्रकृति हेरेर उपचार खर्च बोर्डले दिने गरेको प्रमुख वाग्ले बताउनुहुन्छ। बिरामी भई कागजात पेस गरेका चार जनालाई यहाँबाट सिफारिस गरी उपचार खर्च दिलाइएको छ। हालसम्म रु चार लाखदेखि रु सात लाखसम्म उनीहरुले पाएको उहाँले जानकारी दिनुभयो। जटिल रोगका बिरामीले खर्चका आधारमा बोर्डले रकम उपलब्ध गराउँदै आएको छ।

कार्यालयले श्रम स्वीकृत गरेर गएका र विदेशमा अलपत्र परेकाहरुको उद्धार गर्ने गरेको छ। परिवारले आग्रह गरेर गत वर्ष भरतपुरका दुई जनाको उद्धार गरिएको थियो। प्रमुख वाग्लेका अनुसार एक जनाको झै-झगडामा परेर प्रहरीले नियन्त्रणमा लिएपछि उद्धार गरिएको हो भने अर्को एक जना मादक पदार्थ बिक्री गरेको अभियोगमा पक्राउ परेकाको उद्धार गरिएको छ। गत वर्ष शव झिकाइएकाको परिवारले सोहीअनुसारको रकम पाएको उहाँले बताउनुभयो। कतिपयलाई महानगरपालिकामा श्रम स्वीकृतिका सबै काम हुन्छन् भन्ने जानकारी नहुँदा काठमाडौँ जाने गरेको भन्दै उहाँले यससम्बन्धी जानकारी सबैमा हुनु आवश्यक रहेको बताउनुभयो। जहाँबाट श्रम स्वीकृति गरेको भए पनि भरतपुर महानगरवासीलाई कुनै समस्या श्रममा जाँदा परेमा सहजीकरण गर्ने काम महानगरले गरिरहेको छ। भरतपुर महानगरपालिकाबाट २०८० सालदेखि श्रम स्वीकृतिलगायत काम हुँदै आएका छन्।

# 'निम्स दाइ'को निधनमा अन्नपूर्णले दियो शोक बिदा

पोखरापत्र संवाददाता
पोखरा, १७ साउन

'निम्स दाइ' को नामले चिनिने विश्वकीर्तिमानी पर्वतारोही निर्मल पुर्जाको निधनमा उहाँको जन्मथलो म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले सोमबार शोक बिदा दिएको छ।

अन्नपूर्ण-३ दानामा जन्मनुभएका पुर्जाको पाकिस्तानको 'ब्रड पिक' आरोहणका क्रममा हिमपहिरोमा परी निधन भएको थियो। गाउँपालिकाका अध्यक्ष भरतकुमार पुनद्वारा आइतबार सार्वजनिक गरिएको सूचनामा पुर्जाको निधनले गाउँपालिका परिवारसहित सिँगो म्याग्दीवासीलाई स्तब्ध र मर्माहत तुल्याएको उल्लेख छ। उहाँको निधनप्रति दुःख व्यक्त गर्दै गाउँपालिकाले सोमबार अत्यावश्यकबाहेक सबै कार्यालय, वडा, स्वास्थ्य संस्था र विद्यालयहरूमा शोक बिदा दिने निर्णय गरेको हो। नेपाली पर्वतारोहण क्षेत्रलाई विश्वमाझ नयाँ उचाइमा पुर्याउन, नेपाली पर्वतारोहीहरूको पहिचान र गौरवलाई अन्तरराष्ट्रियस्तरमा स्थापित गर्न तथा साहस, नेतृत्व र समर्पणको अनुपम उदाहरण प्रस्तुत गर्न पुर्जाले पुर्याउनुभएको योगदान सदैव स्मरणीय रहने गाउँपालिकाले जनाएको छ। पुर्जाको निधनले विश्व पर्वतारोहण समुदायमा अपूरणीय क्षति पुगेको गाउँपालिकाद्वारा जारी सूचनामा उल्लेख छ।

# रोटरी क्लबको वृक्षारोपण तथा स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
स्याङ्जा, १७ साउन

रोटरी क्लब अफ नक्साल शक्तिद्धारा स्याङ्जामा वृक्षारोपण तथा स्वास्थ्य शिविर सम्पन्न गरिएको छ।

स्याङ्जाका फेदीखोला गाउँपालिका वडा नं.-१ मा क्लबको सक्रियता तथा अगुवाइमा वृक्षारोपण तथा स्वास्थ्य शिविर सम्पन्न गरिएको हो। फेदीखालास्थित रामकोट क्षेत्रमा विभिन्न जातका फलफूलसँगै वनस्पतीका बहुमूल्य प्रजातीका १५० बिरुवा रोपण गरिएको छ। बिरुवा रोपण कार्यक्रममा सोहि वडाका वडाध्यक्ष अमृत क्षेत्रीले रोपण गरिएका बिरुवाको हेरचाह र संरक्षण गरिने प्रतिवद्धता जनाएका थिए।

वृक्षारोपण पश्चात फेदीखोला गाउँपालिकामै रहेको अमोर सेवा नेपाल बालगृहमा आश्रित झण्डै ६० जना बालबालिकाको स्वास्थ्य परिक्षण गरिएको छ। गण्डकी मेडिकल कलेज पोखराको प्राविधिक सहयोगमा बालबालिकाको निःशुल्क दत्त परिक्षण र सामान्य स्वास्थ्य परिक्षण गरिएको रोटरी क्लब अफ नक्साल शक्तिका अध्यक्ष कृष्ण पौडेलले जानकारी दिए।




बालबालिकाको स्वास्थ्य परिक्षण पश्चात बालगृहका अध्यक्ष कमला पराजुलीलले स्वास्थ्य परिक्षणमा खटिने दत्तरोग, छालरोग विशेषज्ञ सहितको स्वास्थ्यकर्मीको टोली, वृक्षारोपणमा समर्पित स्वयंसेवी र आयोजक क्लबप्रति आभार व्यक्त गरेकी थिइन्। क्लबका पदाधिकारिसहित सदस्यहरुको सक्रिय सहभागिता रहेको वृक्षारोपण तथा स्वास्थ्य परिक्षणमा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो। रोटरी क्लबले समुदायमा आधारित मावन सेवालाई प्राथमिकता राखेर आफ्ना गतिवधि संचालन गर्ने जनाएको छ।

क्लबले आगामी दिनमा वृक्षारोपण, दुर्गम क्षेत्रका गरिब तथा विपन्न परिवारलाई लक्षित गर्दै मानसिक, दत्त, बालबालिकाको निःशुल्क स्वास्थ्य परिक्षण, स्वास्थ्य सचेतनासँगै विद्यालयस्तरीय सहयोगका कार्यक्रमलाई निरन्तरता दिदै जाने क्लबले जनाएको छ।

# प्रदेशका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त

रासस
काठमाडौं, १७ साउन

बागमती प्रदेशका उपत्यकाबाहेकका १० जिल्लाका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त रहेका छन्। नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर, चितवनले सार्वजनिक गरेको त्रिवर्षीय तथ्याङ्कअनुसार बागमती प्रदेशमा सवारी दुर्घटना गम्भीर सुरक्षा चुनौतीका रूपमा देखिएको हो।

भौगोलिक हिसाबले चितवन, धादिङ र मकवानपुर जिल्ला दुर्घटनाका लागि अत्यधिक संवेदनशील मानिएका छन्। प्रदेशभर रहेका ९१ वटा जोखिमयुक्त 'ब्ल्याक स्पट' मध्ये चितवनमा १७, धादिङमा १६, सिन्धुलीमा १४ र मकवानपुरमा १२ वटा रहेका छन्। काभ्रेपलाञ्चोकमा ११, नुवाकोट आठ, रसुवा र रामेछापमा चार/चार, सिन्धुपाल्चोकमा तीन र दोलखामा दुई वटा स्थान जोखिमयुक्त रहेका कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायणपाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार दुर्घटनामा परी पाँच जनाभन्दा बढीको मृत्यु भएको स्थानलाई जोखिमयुक्त स्थानका रूपमा लिइएको हो। विगत तीन आर्थिक वर्षमा भएका पाँच हजार ८७२ सवारी दुर्घटनामा परी ९५९ जनाले ज्यान गुमाएका छन् भने ११ हजार ६९९ जना घाइते भएका छन्।

आव २०८०/८१ मा ३१५, आव २०८१/८२ मा ३०४ र आव २०८२/८३ मा ३४० जनाको ज्यान गएको छ। गत आवमा मात्रै भएका एक हजार ९२४ दुर्घटनामध्ये एक हजार ११४ राजमार्गमा, ५३९ ग्रामीण र २७१ वटा सहरी क्षेत्रमा भएका उहाँको भनाइ छ। दिउँसो १२:०० बजेदेखि बेलुका ६:०० बजेको समय दुर्घटनाका दृष्टिले सबैभन्दा बढी जोखिमयुक्त देखिएको उहाँले जानकारी दिनुभयो। प्रदेशका १० जिल्लाको १४ हजार ४५६ किलोमिटरभन्दा बढी सडकसञ्जाल र एक लाख ७३ हजारभन्दा बढी सवारीसाधन व्यवस्थापनका लागि ३३२ जना ट्राफिक प्रहरी कार्यरत रहेका प्रहरी उपरीक्षक पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार एक जना ट्राफिक प्रहरीले औसत ४३ दशमलव ५५ किमी सडक र ५५२ वटा सवारीसाधनको निगरानी गर्नुपर्ने बाध्यता छ।

सीमित जनशक्तिका बाबजुद ट्राफिक नियम पालनामा कडाइ गर्दै गत वर्ष ९० हजार ९८३ सवारीलाई कारबाही गरी रु नौ करोड तीन लाखभन्दा बढी राजस्व सङ्कलन गरिएको छ। दुर्घटना न्यूनीकरणका लागि स्पीड गन, एएनपीआर क्यामेरा, डिजिटल ईचलान र 'ट्रान्सपोर्ट कम्युनिकेसन एप'जस्ता प्रविधिको प्रयोग बढाउनुका साथै २६ हजारभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।


## एउटै व्यक्ति भएको सूचना




जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०८ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं JC-613027 N (ना.प्र.नं. ४२-०१-७७-०३४३५) का कुमार थापाको ना.प्र.मा नामथर कुमार शाही र निजको श्रीमती ना.प्र.नं.४२-०१-७७-०३४७४ मा नामथर हीरा कुमारी शाही भएको र सैनिक अभिलेखमा निजको नामथर कुमार थापा र निजको श्रीमतीको नामथर हिरा कुमारी थापा भई फरक परेकोले फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ४० मिति २०८३/०४/१४ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# सेनाद्वारा ३२ सडक आयोजना सम्पन्न, चौध सय किलोमिटर सडक निर्माण

रासस
काठमाडौं, १७ साउन

नेपाली सेनाले जटिल भूबनोट भएका ३२ सडक आयोजनाका सम्पन्न गरी एक हजार ४११.५४ किलोमिटर सडक निर्माण गरेको छ।

सेनाको व्यवस्थापनमा हालसम्म कान्ति लोकमार्ग, कर्णाली राजमार्ग, जाजरकोट-डोल्पा, बैँसीसहर-चामे, कालीगण्डकी करिडोर, कर्णाली करिडोरलगायत आयोजना सम्पन्न भइसकेका छन्। सरकारले दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने क्रममा कठिन भौगोलिक बनावट, कडा चट्टानयुक्त भिर तथा निर्माण गर्न कठिन मानिएका सडकखण्डको जिम्मा सेनालाई प्रदान गर्दै आएको छ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेत सीमित स्रोतसाधन, प्रतिकूल मौसम तथा जटिल भूबनावटको बाबजुद सेनाले यस्ता राष्ट्रिय गौरव तथा प्राथमिकताका सडक आयोजना सफलतापूर्वक कार्यान्वयन गर्नुका साथै वार्षिक 'माइलस्टोन' शतप्रतिशत पूरा गर्दै राष्ट्र निर्माणमा उल्लेखनीय योगदान पुर्‍याइरहेको बताउनुहुन्छ। पूर्वी नेपालको रणनीतिक महत्वको खाँदबारी-किमाथाङ्का (च्याम्ताङ्ग-घोङ्घप्पा) सडक आयोजनाअन्तर्गत सेनाले १०.५१ किलोमिटर सडक निर्माण सम्पन्न गरी गत वैशाख २८ गते सडक विभागलाई हस्तान्तरण गरेको छ।

यस आयोजनाले किमाथाङ्का क्षेत्रमा स्थानीय विकास तथा भविष्यमा व्यापारिक गतिविधि प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ।


## मोबाइल हराएको सूचना

सृजनाचोकदेखि रामबजार सम्म जाने क्रममा मिति २०८३/०४/११ गतेका दिन Redmi नीलो रङको मोबाइल हराएको हुँदा भेट्टाउने महानुभावले तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।

सम्पर्क नं. : 9827104132

# 'निम्स दाइको अदम्य साहस र समर्पण इतिहासमा सधैँ अमर रहनेछ'

**सिबी अधिकारी**
काठमाडौं, १७ साउन/रासस




पाकिस्तानको काराकोरम पर्वत शृङ्खलामा अवस्थित ८,०५१ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी विश्वप्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'सहित १० जना आरोहीको निधन भएपछि नेपाल शोकमा डुबेको छ।

विश्व पर्वतारोहण इतिहासमा असम्भवलाई सम्भव बनाउने साहसी आरोहीका रूपमा स्थापित निम्स दाइको असामयिक निधनले नेपालमात्र नभई अन्तरराष्ट्रिय पर्वतारोहण समुदाय, साहसिक पर्यटन क्षेत्र तथा उहाँका लाखौँ समर्थकलाई स्तब्ध बनाएको छ।

देशका कार्यकारी प्रधानमन्त्रीदेखि विभिन्न राजनीतिक दलका शीर्षनेता, पर्यटन क्षेत्रका अगुवा, पर्वतारोही, विदेशी शुभेच्छुक तथा अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले निम्स दाइप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको साहस, समर्पण र नेपालको अन्तरराष्ट्रिय पहिचान निर्माणमा पुर्‍याएको योगदानको उच्च प्रशंसा गरेका छन्।

प्रधानमन्त्रीको श्रद्धाञ्जलीः 'इतिहासमा सधैँ जीवित रहनेछन्'

प्रधानमन्त्री वालेन्द्र शाहले सामाजिक सञ्जालमार्फत समवेदना व्यक्त गर्दै भन्नुभएको छ, निर्मल पुर्जासहित दिवङ्गत सबै आरोहीहरूको भौतिक यात्रा समाप्त भए पनि उनीहरूको साहस, समर्पण र योगदान इतिहासमा सधैँ प्रेरणाको स्रोतका रूपमा जीवित रहनेछ। उहाँले लेख्नुभएको छ, "आरोहण केवल शिखर चुम्ने यात्रा होइन, यो साहस, अनुशासन, त्याग र मानवीय सीमालाई चुनौती दिने अदम्य आत्मविश्वासको सर्वोच्च अभिव्यक्ति हो। हिमालले धेरैलाई शिखरको गौरव दिन्छ, कहिलेकाहीँ आफ्नै काखमा सधैँका लागि समेटेर पनि राख्छ। तर हिमाल आरोहीहरू आफ्नो साहस र समर्पणका कारण इतिहासमा सधैँ अमर रहन्छन्।" प्रधानमन्त्री शाहले ब्रोड पिक दुर्घटनामा निधन भएका सम्पूर्ण आरोहीहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्नुभएको छ।

**राजनीतिक नेतृत्वको श्रद्धाञ्जली**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले निम्स दाइसँगको व्यक्तिगत सम्बन्ध स्मरण गर्दै भावुक सन्देश सार्वजनिक गर्नुभएको छ। उहाँले लेख्नुभएको छ, "प्रिय निम्स, फर्किएर भेट्ने वाचा थियो। तर तिमी नफर्किने बाटो गएछौँ। अब त केवल सम्झनाहरूमात्र बाँकी छन्। तिम्रो अनुपस्थितिले मन भारी भएको छ। तर तिमी र तिम्रो अदम्य साहस सम्झनाका रूपमा अनन्तसम्म बाँचिरहनेछ। जहाँ भए पनि, चिरशान्तिमा रहनू।"

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पनि निम्स दाइ कठिन परिस्थितिबाट पनि फर्कने व्यक्तित्व भएकाले अन्तिम क्षणसम्म आफू आशावादी रहेको उल्लेख गर्नुभएको छ। उहाँले निम्स दाइसँग 'प्रोजेक्ट पसिबल' सुरु हुनुअघि नै भेट भएको स्मरण गर्दै लेख्नुभएको छ, "संसारले तपाईँलाई चिन्नुअघि नै तपाईँभित्रको आत्मविश्वास र साहस देखेको थिएँ। तपाईँ फेरि फर्कनुहुन्छ भन्ने विश्वास अन्तिम क्षणसम्म थियो।"

**पर्यटन क्षेत्रको अपूरणीय क्षति**

नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले निम्स दाइलाई 'हिमाल जित्ने मानिसमात्र होइन, सपना जगाउने मित्र'का रूपमा स्मरण गर्नुभएको छ।

उहाँका अनुसार निम्स दाइको लक्ष्य व्यक्तिगत कीर्तिमान कायम गर्नुमात्र थिएन। उहाँ सुरक्षित, व्यवस्थित र सम्मानजनक पर्वतारोहण संस्कृति निर्माण गर्न, नेपाली गाइड तथा पर्वतारोहीलाई अन्तरराष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न, वर्षभरि हिमाली पर्यटनलाई सक्रिय बनाउन तथा नेपालको साहसिक पर्यटनलाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न निरन्तर लागिरहनुभएको थियो।

**विश्वभरबाट श्रद्धाञ्जली**

निम्स दाइको निधनसँगै विश्वभरका पर्वतारोही, साहसिक खेलकुदका अभियन्ता, पर्यटनकर्मी तथा उहाँका समर्थकहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली व्यक्त गरिरहेका छन्। अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले पनि उहाँको जीवन, विश्व कीर्तिमान र पर्वतारोहण क्षेत्रमा पुर्‍याएको योगदानलाई विशेष प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरेका छन्। विशेषगरी आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल केवल छ महिना छ दिनमा आरोहण गरेर बनाएको विश्व कीर्तिमानलाई आधुनिक पर्वतारोहण इतिहासकै सबैभन्दा असाधारण उपलब्धिमध्ये एकका रूपमा स्मरण गरिएको छ।

**ब्रोड पिक दुर्घटना**

निर्मल पुर्जा नेतृत्वको १० सदस्यीय आरोही टोली पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा करिब छ हजार ७०० मिटरको उचाइमा पुगेपछि हिमपहिरोमा परेको थियो। टोलीमा छ नेपाली र चार विदेशी आरोही सहभागी थिए।

दुर्घटनापछि पाकिस्तानी सेनाको हेलिकप्टर, ड्रोन, स्थानीय उद्धार टोली तथा के-२ क्षेत्रमा रहेका अनुभवी आरोहीहरू परिचालन गरिएका थिए। प्रतिनिधिसभा सदस्य तथा अनुभवी आरोही मिङ्मा डेभिड शेर्पा पनि खोजी अभियानमा सहभागी हुनुभएको थियो। व्यापक खोजीपछि निम्स दाइसहित सम्पूर्ण आरोहीको निधन भएको पुष्टि गरिएको हो।

**को हुन् निम्स दाइ ?**

२५ जुलाई १९८३ मा म्याग्दीको दाना गाउँमा जन्मिएका निर्मल पुर्जाको बाल्यकाल चितवनमा बितेको थियो। बेलायती गोर्खा सैनिकका रूपमा सेवा गरेपछि उहाँ बेलायती रोयल नेभीको स्पेसल बोट सर्भिस (एसबीएस)मा छनोट हुने पहिलो नेपाली बन्नुभयो।

सन् २०१९ मा 'प्रोजेक्ट पसिबल' अभियानमार्फत उहाँले विश्वका आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल केवल छ महिना छ दिनमा आरोहण गर्दै विश्व कीर्तिमान कायम गर्नुभयो। यसअघि रहेको सात वर्ष पुरानो विश्व कीर्तिमान तोडेर उहाँले नेपाललाई विश्व पर्वतारोहण इतिहासमा नयाँ उचाइमा पुर्‍याउनुभयो।

उहाँले हिमाल आरोहणलाई व्यक्तिगत सफलतामा सीमित नराखी नेपाल, नेपाली पर्वतारोही र साहसिक पर्यटनको विश्वव्यापी प्रवर्द्धनका लागि अभियानकै रूपमा अघि बढाउनुभयो।

**अमर रहनेछ उहाँको योगदान**

निर्मल पुर्जा अब भौतिक रूपमा हाम्रो बीच नरहनु भए पनि उहाँले छाडेर जानुभएको साहस, नेतृत्व, अनुशासन, मानवता र असम्भवलाई सम्भव बनाउने आत्मविश्वास नेपाली समाज र विश्व पर्वतारोहण समुदायका लागि सधैँ प्रेरणाको स्रोत रहनेछ। उहाँको जीवनले एउटा सन्देश दिएको छ- सीमाहरू प्रायः हाम्रो मनमा हुन्छन्; दृढ इच्छाशक्ति, कठोर परिश्रम र आत्मविश्वासले असम्भव देखिने लक्ष्य पनि प्राप्त गर्न सकिन्छ। निम्स दाइको भौतिक शरीर विलीन भएको छ, तर उहाँको अदम्य साहस, समर्पण र योगदान इतिहासमा सधैँ अमर रहनेछ। ब्रोड पिक दुर्घटनामा ज्यान गुमाउने सम्पूर्ण आरोहीहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना।

# रोटरीको अभियान एक लाख बिरुवा रोप्ने लक्ष्यसहित तुलसीघाटमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन




वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा महानगरपालिका-१ स्थित तुलसीघाटमा आइतबार वृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ।

रोटरी क्लब अफ पोखरा अन्नपूर्ण, इनरह्विल क्लब अफ अन्नपूर्ण, इनरह्विल क्लब अफ अन्नपूर्ण जुभेनाइल जिलको आयोजनामा वृक्षरोपण गरिएको हो। प्रत्येक बर्ष गरिने कार्यक्रम अन्गरगर्त उक्त कार्यक्रम गरिएको र १ लाख बिरुवा रोप्ने उद्धेश्य रहेको रोटरी क्लब अफ पोखरा अन्नपूर्णका पुर्व अध्यक्ष सइन्द्रराज श्रेष्ठले जानकारी दिए। गएको बर्षबाट शुरु भएको यो अभियानमा रोपिएका सबै बिरुवा फलफुलका रहेको श्रेष्ठले उल्लेख गरे।

कार्यक्रममा रोटरी क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष रोटरियन सरोज नारायण बराल, इनरह्विल क्लब अफ अन्नपूर्णकि अध्यक्ष अनिता अधिकारी, इनरह्विल क्लब अफ अन्नपूर्ण जुभेनाइल जिलका अध्यक्ष शिरीष बज्राचार्य लगाएतको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीहरूले वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्दै हरियाली विस्तारका लागि यस्ता कार्यक्रमलाई निरन्तर सञ्चालन गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

# श्रीकृष्ण प्रणामी मन्दिरमा एक महिने श्रीमदवीतक चर्चा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ साउन



पोखराको रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन कार्यक्रम हुने भएको छ।

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखरा ८ रत्नचोकको आयोजनामा श्रावण १८ देखि भाद्र १९ गते श्रीकृष्ण जन्माष्टमी सम्म एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन कार्यक्रम हुने श्रीकृष्ण प्रणामी मन्दिरका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए। अध्यक्ष ढकालका अनुसार श्रीमदवीतकको पहिलो दिन साउन १८ गते शोभायात्रा तथा कलश यात्राको आयोजना गरिने छ। शोभायात्रा पश्चात पोखरा महानगरपालिका वडा नं ८ का वडा अध्यक्ष रुद्रनाथ बरालको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम हुने श्रीकृष्ण प्रणामी सेवा समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए।

एक महिना सम्म सञ्चालन हुने उक्त कार्यक्रममा प्रमुख वाचक साधक राज रसिक महाराजले प्रवचन प्रदान गर्नेछन्। श्रीमदवीतक चर्चामा भक्तजनहरु संगै विभिन्न विशिष्ट ब्याक्तिहरुले समेत सहभागीता जनाउने कार्यक्रम संयोजक पण्डित लिलाम्बर सापकोटाले वताए।

# 'निम्स दाइ'को रामनगरस्थित परिवार र विद्यालयका शिक्षक शोकमा

**रासस**
चितवन, १७ साउन




हिमपहिरोमा परी निधन भएका कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'को रामनगरस्थित घरका परिवार, छिमेकी र उहाँले अध्ययन गर्नुभएका विद्यालयका शिक्षक शोकमा परेका छन्।

पाकिस्तानको 'ब्रोड पिक' हिमालमा गएको हिमपहिरोमा परी उहाँको निधनपछि भरतपुर महानगरपालिका-१ रामनगर स्थित परिवारका सदस्य, छिमेकी र अध्ययन गर्नुभएको स्मल हेभनका शिक्षक शोकमा परेका हुन्।

सिङ्गो चितवन, देश र विश्वभरबाट शोक व्यक्त गरिरहेका बेला रामनगरस्थित माइलादाई बसिरहेका घरमा आज बिहानैदेखि छरछिमेक तथा आफन्तहरू श्रद्धाञ्जली दिन आइरहेका छन्। भाई गुमाउँदा पीडाबोध गरिरहनुभएका दाजु जीतबहादुर पुर्जाले अरुबेला भाई हिमाल आरोहण गर्दा सधैँ आफूलाई भन्ने गरेको सुनाउँदै यसपटक पाकिस्तान जाँदा केही खबर नगरेको भन्दै उहाँ भक्कानिनुभयो। "पहिला हिमाल चढ्दा घरमा धुपबत्ती बाल्देउ है दाई भन्थ्यो। पाकिस्तान जाने बेलामा चाहिँ मलाइ केही नभनी गयो।" घरमा आएकाहसरूँग उहाँले भक्कानिँदै पीडा पोखिरहनुभएको थियो। निम्स दाईको निधनपछि रामनगरस्थित घरमा आज तस्बिरमा माल्यार्पण गर्नुका साथै दीपप्रज्ज्वलन गरेर उहाँप्रति श्रद्धाञ्जली अर्पण गरिएको छिमेकी जीवनाथ पराजुलीले बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रोभन्दा एक घर परको घरमा निम्सका माइलादाई बस्नुहुन्छ। त्यहाँ राखिएको तस्विरमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरेका छौँ।" उहाँको निधनले छिमेकीसमेत शोकमा परेका तारा कुँवरले बताउनुभयो। बिहानैदेखि माइलादाईको घरमा श्रद्धाञ्जली दिन आउनेक्रम जारी रहेको उहाँले बताउनुभयो।

माइलादाई जीतबहादुर पुर्जा यहाँको घरमा बस्नुहुन्छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ दानामा जन्मिनुभएका उहाँले यहाँको आँपटारीस्थित स्मल हेभन स्कुलमा कक्षा ३ देखि १० सम्म पढ्नुभएको थियो। सुरुमा आँपटारीमा रहेको स्कुल अहिले कल्याणपुरमा सरेको छ। कक्षा दशपछि उहाँ ब्रिटिस आर्मीका लागि जानुभएको थियो।

"म्याग्दीको दानाबाट बहिनी अनितासहित विसं २०५१ मा ११ वर्षको उमेरमा कक्षा ३ मा अध्ययन गर्न यहाँ आउनुभएका निम्सदाई सानैदेखि आवासमा बस्नुहुन्थ्यो। हालको भरतपुर महानगरपालिका-१ रामनगरमा घर भए पनि निम्स र उहाँकी बहिनी आवासमा बस्नुहुन्थ्यो", उहाँका खेलकुद शिक्षक सुरेन्द्र बरालले भन्नुभयो। करिब सात वर्ष निम्ससँग समय बिताएको स्मरण गर्दै उहाँ सानैदेखि साहासी र अनुशासित स्वभावको भएको बरालले बताउनुभयो। उहाँको निधनले आफूलाई पीडाबोध भएको उहाँको भनाइ छ।

स्मल हेभन स्कुलका छात्रावास प्रमुख शैलेन्द्र बरालले निम्स विद्यालयको अनुशासित विद्यार्थीका रूपमा रहेका बताउनुभयो। उहाँले निम्सको निधनले सिङ्गो विद्यालय स्तबध भएको बताउनुभयो। आठ वर्ष आफ्नै रेखदेखमा रहँदा निम्सको आँट देखेर 'एकदिन महान व्यक्ति बन्छ' भन्ने लागेको उहाँले स्मरण गर्नुभयो।

स्मल हेभन स्कुलका प्राचार्य रामचन्द्र न्यौपाने आफ्नो विद्यार्थीले विश्व कीर्तिमान कायम गरेर गिनिज बुकमा नाम लेखाउँदा निकै खुसी भएको स्मरण गर्दै अहिले निम्सको निधनले विद्यालय परिवार मर्माहत र स्तब्ध भएको बताउनुभयो। सिङ्गो देश र विश्वले चिनेको आफ्नो विद्यार्थी गुमाउनुपर्दाको क्षण अपूरणीय रहेको भन्दै उहाँले यसले देशलाई अपूरणीय क्षति पुगेको बताउनुभयो।

# सरकारद्वारा हिमपहिरोमा परी निधन भएका आरोहीप्रति दुःख व्यक्त


**रासस**
काठमाडौं, १७ साउन

नेपाल सरकारले विश्वको १२ औँ अग्लो हिमाल 'ब्रोड पीक' आरोहणका क्रममा यही साउन १४ गते क्याम्प-२ बाट क्याम्प-३ जाने क्रममा गएको हिम पहिरोमा परी आरोहीहरूको निधन भएकोप्रति दुःख व्यक्त गरेको छ।

परराष्ट्र मन्त्रालयले आज विज्ञप्ति मार्फत उक्त दुर्घटनामा प्रख्यात आरोही निर्मल पुर्जा 'निम्स दाइ'सहित नेपाली आरोहीहरू पुरबहादुर गुरुङ 'युक्ता', किली पेम्बा शेर्पा 'किलु', निमा शेर्पा, नवाङ थिन्डु शेर्पा, ग्यालु शेर्पा तथा उहाँहरूसँगै ब्रोड पीक चढ्ने अन्तर्राष्ट्रिय आरोहण दलका सदस्यहरूको दुःखद निधनबाट पर्वतारोहण क्षेत्रलाई अपूरणीय क्षति पुगेको जनाएको छ। नेपाली आरोहीहरू संलग्न रहेको आरोहण टोली बेपत्ता भएको खबर प्राप्त हुनासाथ पाकिस्तानका सम्बन्धित निकायहरू र नेपाली टोली समेतले खोज तथा उद्धार कार्यलाई तीव्र बनाएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले उच्च हिमाली क्षेत्रमा कठिन खोज कार्य सञ्चालनमा संलग्न पाकिस्तानी तथा नेपाली पर्वतारोही टोलीको साहसिक कार्यको सराहना गरेको छ।

दुर्घटनामा निधन भएका नेपाली आरोहीहरूमध्ये पुरबहादुर गुरुङ र ग्यालु शेर्पाको शव फेला परिसकेको छ भने बाँकी शव खोजी कार्य निरन्तर जारी रहेको मन्त्रालयले जनाएको छ। साथै, नेपाली आरोहीहरूको शव स्वदेश फिर्ता ल्याउन नेपाली राजदूतावास, इस्लामाबादबाट आवश्यक सहजीकरण भइरहेको जनाएको छ। मन्त्रालयले दिवङ्गत आरोहीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ।


## एउटै व्यक्ति भएको सूचना



गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ६ निवासी भारतीय भु.पु. सैनिक नं. 5343810 का KAMAL NARAYAN SHRESTHA (ना.प्र. मा कमल नारायण श्रेष्ठ) को श्रीमतीको नेपाली नागरकिता प्रमाणपत्रमा भएको नामथर र जन्ममिति अनुसार निजको भारतीय सेवा अभिलेखमा भएको नामथर र जन्मिमिति फरक परेकोले तपसिल बमोजिम नामथर र जन्ममिति भएको व्यक्ति फरक फरक नभई एउटै व्यक्ति भएको व्यहोरा प्रमाणित गरिपाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएको साथै पालुङटार नगरपालिका वडा नं. ६ कार्यालयको च.नं. ४८०, मिति २०८२/०९/०१ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

तपसिलः

| क्र.सं. | नेपाली नागरिकता प्रमाणपत्रमा भएको नामथर | नेपाली नागरिकता प्रमाणपत्रमा भएको जन्ममिति | भारतीय सेवा अभिलेखमा भएको नामथर | भारतीय सेवा अभिलेखमा भएको जम्ममिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | चमेली देवी श्रेष्ठ | २०१८/०९/०१ (1961 Dec. 15) | CHAMALI SHRESTHA | 01 Jan. 1961 | |

**जिल्ला प्रशासन कार्यालय, गोरखा**